# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
## मितिः १३ मार्च २०२६
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- भारतीय निर्वाचन आयोगले यस वर्ष पश्चिम बंगालमा हुने विधानसभा चुनावको लागि संवेदनशीलता मानचित्रणको आधारमा जिल्लागत रूपमा पुलिस पर्यवेक्षकहरू तैनाथ गर्ने भएको छ।

- राज्यकी  मुख्यमन्त्री ममता ब्यानर्जीले  पश्चिम बंगालमा चाँडै पाँच नयाँ सांस्कृतिक तथा विकास बोर्डहरू स्थापना गर्ने घोषणा गर्नु भएको छ।

- भारतीय जनता पार्टीले कोलकाताको ब्रिगेड परेड ग्राउन्डमा प्रधानमन्त्री नरेन्द्र मोदीको प्रस्तावित ऱ्यालीका लागि व्यापक तयारी सुरु गरेको छ।

- श्रममन्त्री मलय घटकको उपस्थितिमा जीटीए डेपुटी चियरमेन राजेश चौहान, छ वटा श्रमिक संगठनका प्रतिनिधिहरु तथा लङभ्यु चियाबगानका मालिकबीच त्रीस्तरीय बैठक सम्पन्न भएको छ।

- पश्चिम बंगालका विभिन्न सरकारी कर्मचारी संगठनहरूले राज्य सरकारले महँगी भत्ता (डीए) भुक्तानीमा गरेको कथित ढिलाइको विरोधमा आज पूर्ण हडतालको आह्वान गरेका छन्।

**निर्वाचन आयोग-बंगाल चुनाव**

भारतीय निर्वाचन आयोगले यस वर्ष पश्चिम बंगालमा हुने आगामी विधानसभा चुनावको लागि संवेदनशीलता मानचित्रणको आधारमा जिल्लागत रूपमा पुलिस पर्यवेक्षकहरू तैनाथ गर्ने भएको छ। राज्यका मुख्य निर्वाचन अधिकारीको कार्यालय स्रोतका अनुसार, आयोगले जिल्लाहरूको संवेदनशीलता निर्धारण गर्न धेरै मापदण्डहरू विचार गरिरहेको छ। स्रोत अनुसार, जिल्लाहरूलाई तीन वर्गमा वर्गीकृत गरिनेछ। पहिलो श्रेणीमा बंगलादेशसँग अन्तर्राष्ट्रिय सीमा साझा गर्नेहरू समावेश हुने छन्। दोस्रो श्रेणीमा विगत तीन चुनाव अघि, समयमा वा पछि ठूलो मात्रामा हिंसाको इतिहास भएका जिल्लाहरू समावेश हुनेछन्। तेस्रो श्रेणीमा दुवै अनुभव गरेका जिल्लाहरू समावेश हुनेछन्। स्रोतका अनुसार, मुर्शिदाबाद, मालदा र कुचबिहार ती जिल्लाहरूका उदाहरण हुन् जुन तेस्रो श्रेणीमा पर्छन् किनभने यी जिल्लाहरू बंगलादेशसँग सीमा साझा गर्छन् र चुनावको सयममा हिंसाको इतिहास रहेको छ। अन्तर्राष्ट्रिय सीमा साझा नगर्ने हावडा जस्ता जिल्लाहरूले निरन्तर राजनीतिक हिंसाका घटनाहरू रिपोर्ट रहेको छ। यी परिस्थितिहरूलाई ध्यानमा राख्दै, निर्वाचन आयोगले सबै वर्गहरूमा केन्द्रीय पर्यवेक्षकहरूको संख्या बढाउने विचार गरिरहेको छ। स्रोतका अनुसार, यस पटक पुलिस पर्यवेक्षकहरूको संख्या १०० वा सोभन्दा बढी पुग्न सक्छ, जुन २०२१को तुलनमामा  यो संख्या लगभग तीन गुणा बढी हुनेछ।

**बंगाल - नयाँ विकास बोर्ड**

राज्यकी  मुख्यमन्त्री ममता ब्यानर्जीले  पश्चिम बंगालमा चाँडै पाँच नयाँ सांस्कृतिक तथा विकास बोर्डहरू स्थापना गर्ने घोषणा गर्नु भएको छ। मुण्डा (एसटी), कोरा (एसटी), डोम (एससी), कुम्भकार (ओबीसी) अनि सदगोप (ओबीसी)  समुदायहरूका लागि सिर्जना गरिनेछ। सामाजिक सञ्जालमा एक पोस्ट गर्नु हुँदै मुख्यमन्त्री ममता ब्यानर्जीले यी समुदायहरू बंगालको सामाजिक तथा सांस्कृतिक सम्पदाको एक महत्त्वपूर्ण हिस्सा भएको बताउनु भयो। यी समुदायहरूलाई बधाई दिनु हुँदै उहाँले भन्नु भयो, नयाँ बोर्डहरूले उनीहरूको भाषा र परम्पराको रक्षा गर्न मद्दत गर्नेछन्, साथै राम्रो शिक्षा, स्वास्थ्य र रोजगारीका अवसरहरू सुनिश्चित

गर्नेछन्। मुख्यमन्त्रीले भन्नु भयो, यी बोर्डहरूले समुदायहरूको परम्परागत अधिकारहरूको पनि रक्षा गर्नेछन् र उनीहरूको सामाजिक-आर्थिक विकासलाई अगाडि बढाउने छन्। उहाँले २०१३ देखि, राज्य सरकारले कमजोर र पिछडिएका समुदायहरूको समग्र विकासका लागि यस्ता धेरै बोर्डहरू स्थापना गरेको बताउनु भएको छ। मुख्यमन्त्रीले भन्नु भयो, "मा, माटी, मानुष" प्रतिको आफ्नो प्रतिबद्धताको अर्थ राज्यको कुनै पनि समुदाय पछाडि नपरोस् भन्ने हो र सरकारको लक्ष्य समावेशी विकास मार्फत हरेक मुहारमा मुस्कान ल्याउनु हो।

**पीएम र्‍याली- तयारी**

भारतीय जनता पार्टीले कोलकाताको ब्रिगेड परेड ग्राउन्डमा प्रधानमन्त्री नरेन्द्र मोदीको प्रस्तावित र्‍यालीका लागि व्यापक तयारी सुरु गरेको छ। पार्टी स्रोतका अनुसार, पार्टी नेतृत्वले ठूलो जमघट सुनिश्चित गर्न उत्तर बंगालबाट लगभग एक लाख मानिसहरूको सहभागिता सुनिश्चित गर्ने लक्ष्य राखेको छ। यस सन्दर्भमा, उत्तर बंगालका आठ लोकसभा निर्वाचन क्षेत्रका लागि कुल १६ विशेष रेलहरू भाडामा लिने तयारी भइरहेको छ। जानकारी अनुसार, प्रधानमन्त्रीको र्‍यालीमा पुग्ने क्रममा कार्यकर्ता, समर्थक, नेता र साधारण नागरिकहरूले कुनै पनि असुविधा वा अवरोधको सामना नगरोस् भनेर यी विशेष रेलहरूको व्यवस्था गरिएको छ। यी रेलहरूको भाडा रेलवे मन्त्रालयलाई पहिले नै भुक्तानी गरिएको रिपोर्ट गरिएको छ। उत्तर बंगालका विभिन्न जिल्लाहरू बाहेक, मालदाबाट दुई जोडी रेलहरूको पनि व्यवस्था गरिएको छ। यी रेलहरू मार्च १३ मा निर्धारित समयमा कोलकाताका लागि प्रस्थान गर्नेछन् र मार्च १४ मा र्‍याली समाप्त भएपछि सोही दिन फर्कनेछन्।

**ब्रिगेड- संजीव लामा**

कोलकताको ब्रिगेड मैदानमा भोली सम्पन्न हुने कोलकता चलो अभियानमा भाग लिन भाजपा दार्जीलिङ जिल्लाका अध्यक्ष संजीव लामा कोलकता प्रस्थान हुनु भएको छ। उहाँसँगै दार्जीलिङ पहाडका अन्य भाजपा कार्यकर्ताहरू पनि कोलकता प्रस्थान भएको जानकारी प्राप्त भएको छ। दार्जिलिङ जिल्लाका अध्यक्ष नीरज बान्तवाले दार्जीलिङ पहाडी क्षेत्रका लगभग १००० भाजपा कार्यकर्ता कार्यक्रममा भाग लिइरहेको जानकारी दिनु भएको छ।

**लङ्भ्यु- बैठक - कोलकता**

राज्यका श्रम मन्त्री मलय घटकको उपस्थितिमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका डेपुटी चियरमेन राजेश चौहान, छ वटा श्रमिक संगठनका प्रतिनिधिहरु तथा लङभ्यु चियाबगानका मालिक गोबिन गर्गबीच त्रीस्तरीय बैठक सम्पन्न भएको छ। लामो समयदेखि लङभ्यु चियाबगानका श्रमिकहरूले रोजगारीको निरन्तरता तथा विभिन्न सहुलियतहरू मालिक पक्षले उपलब्ध नगराएको आरोप लगाउँदै आएका थिए।

***यसै विषयलाई लिएर उत्पन्न समस्याको समाधान खोज्ने उद्देश्यले बैठक बोलाइएको हो। गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाको पहलमा बैठक अघि बढाइएको बताइएको छ। बैठकमा श्रमिक पक्षले आफ्ना माग तथा समस्याहरू स्पष्ट रूपमा राखेका थिए भने मालिक पक्षले पनि आफ्ना धारणा प्रस्तुत गरेका थिए। सम्बन्धित पक्षहरूबीच छलफलमार्फत समस्याको समाधान खोज्ने प्रयास गरिएको जनाइएको छ। श्रमिकहरूको रोजगारी र अन्य सहुलियत सम्बन्धी विषयमा सकारात्मक पहल गर्ने विषयमा पनि बैठकमा छलफल भएको स्रोतले जनाएको छ।***

**मालवीय- ममता माफी**

भारतीय जनता पार्टी (भाजपा) का वरिष्ठ नेता अमित मालवीयले आज तृणमूल कांग्रेस सरकारले राष्ट्रपति द्रौपदी मुर्मुको अपमान गरेको आरोप लगाउनु हुँदै मुख्यमन्त्री ममता ब्यानर्जी र राज्य सरकारले बिना शर्त माफी माग्न पर्ने माग गर्नु भएको छ। सामाजिक सञ्जाल एक पोस्ट गर्नु हुँदै श्री मालवीयले भन्नु भयो, तृणमूल कांग्रेसले आदिवासी समुदायप्रति गहिरो अवहेलना प्रकट गरेको छ। उहाँले राज्य सरकारले जानाजानी देशकी राष्ट्रपति द्रौपदी मुर्मुको अपमान गरेको आरोप लगाउनु भएको छ। भाजपा नेताले भन्नु भन्नु भयो, यदि ममता ब्यानर्जी र तृणमूल कांग्रेस सरकारमा कुनै लाज वा नैतिकता बाँकी छ भने, उनीहरूले राष्ट्रपति

द्रौपदी मुर्मु, आदिवासी समुदाय र सम्पूर्ण देशसँग बिना शर्त माफी माग्नुपर्छ। श्री मालवीयले संवैधानिक पदहरूको गरिमा घटाउने यस्ता घटनाहरू लोकतान्त्रिक प्रणालीको लागि गम्भीर चिन्ताको विषय रहेको बताउनु भएको छ।

**कालेबुङ- महिला शसक्तिकरण**

पश्चिम बङ्गाल सरकारको पक्षबाट महिलाहरूको  सशक्तिकरण र सुरक्षित आवास सुनिश्चित गर्ने उद्देश्यले कालेबुङमा हाउजिङ ग्रान्ट वितरण कार्यक्रम आयोजना गरिएको छ। यस कार्यक्रममार्फत विभिन्न लाभान्वित महिलाहरूलाई घर निर्माण तथा आवास सुधारका लागि आर्थिक सहयोग प्रदान गरिएको जानकारी प्राप्त भएको छ। यस योजनाले आर्थिक रूपमा कमजोर वर्गका महिलाहरूलाई आफ्नै घर निर्माण गर्न सहयोग पुर्‍याउँदै उनीहरूको जीवनस्तरमा सुधार ल्याउने अपेक्षा गरिएको छ। कार्यक्रममा उपस्थित अतिथिहरूले सरकारद्वारा सञ्चालन गरिएका यस्ता योजनाले समाजका निम्न तथा विपन्न वर्गका मानिसहरूलाई ठूलो राहत पुर्‍याउने बताए। विशेष गरी महिलाहरूलाई घर निर्माणको अवसर उपलब्ध गराउनु उनीहरूको आत्मनिर्भरता र सम्मानजनक जीवनका लागि महत्वपूर्ण कदम भएको उनीहरूले बताका छन्।  कार्यक्रममा कालेबुङका जिलापाल कुहुक भूषण अनि कालेबुङ–१ खण्ड विकास अधिकारी समिरूल इस्लामको विशेष उपस्थिति रहेको थियो। उनीहरूले लाभान्वित महिलाहरूलाई शुभकामना दिँदै सरकारी योजनाहरूको सही उपयोग गर्न आग्रह गरे। साथै भविष्यमा पनि यस्ता जनकल्याणकारी कार्यक्रमहरू निरन्तर सञ्चालन गरिने विश्वास व्यक्त गरिएको छ।

**बंगाल कर्मचारी- हड़ताल**

पश्चिम बंगालका विभिन्न सरकारी कर्मचारी संगठनहरूले राज्य सरकारले महँगी भत्ता (डीए) भुक्तानीमा गरेको कथित ढिलाइको विरोधमा आज पूर्ण हडतालको आह्वान गरेका छन्। यो आन्दोलन संघर्षशील संयुक्त मञ्चको ब्यानरमा गरिएको छ। संयुक्त मञ्चका अनुसार, राज्य सरकारले २००८ देखि २०१९ सम्मको २५ प्रतिशत डीए भुक्तानी गर्न सर्वोच्च अदालतको गत महिनाको आदेशलाई मार्च ३१ सम्ममा बेवास्ता गर्ने आफ्नो मनसाय संकेत गरेको छ।

***अदालतले सरकारलाई राज्य कर्मचारीहरूको लागि डीएलाई बिस्तारै केन्द्रीय सरकारी कर्मचारीहरूसँग बराबर गर्न र २००८ देखि २०१९ सम्मको बाँकी रहेको बक्यौता भुक्तानी सुनिश्चित गर्न पनि निर्देशन दिएको छ। संयुक्त मञ्चका संयोजक भास्कर घोषले राज्य सरकारले २००८ देखि २०१९ सम्मको २५ प्रतिशत डीए भुक्तानी गर्न अझै कुनै पहल नगरेको अनि राज्य सरकारले रकम तिर्न डिसम्बरसम्मको समय माग्दै फेरि सर्वोच्च अदालतमा निवेदन दिएको बताउनु भएको छ।  उहाँले राज्य सरकारी कर्मचारीहरूका साथै सरकारी र सरकारी सहायता प्राप्त विद्यालयका शिक्षकहरू, नगरपालिका र पञ्चायत निकायका कर्मचारीहरू र विभिन्न सरकारी उपक्रमका कर्मचारीहरू पनि आन्दोलनमा सहभागी हुने बताउनु भयो। उहाँले यो हडताल पछिल्लो डेढ दशककै सबैभन्दा ठूलो हुने दाबी समेत गर्नु भएको छ।***

**भाजपा -राजीनामा**

दक्षिण दिनाजपुर भाजपा जिल्ला अध्यक्ष स्वरूप चौधरीले आज  आफ्नो पदबाट राजीनामा दिनु भएको छ । श्री चौधरीले आज बिहान बालुरघाटस्थित भाजपा जिल्ला कार्यालयमा आयोजित आपतकालीन पत्रकार सम्मेलनमा सार्वजनिक रूपमा आफ्नो राजीनामाको घोषणा गर्नु भएको छ। उहाँले वर्ष २०२१ देखि जिल्ला अध्यक्षको पद सम्हाल्नु भएको थियो। यसअघि उहाँले संगठनलाई सुदृढ पार्न जिल्ला महासचिव सहित धेरै महत्त्वपूर्ण पदहरू सम्हाल्नु भएको थियो। यद्यपि, उहाँले राजीनामाको कारणबारे विस्तृत रूपमा बताउनु भएनन्।

**पुल निर्माण- बिलम्ब**

पुल बजारमा अवस्थित पुल निर्माणको कार्य विलम्ब भएको गुनासो दिन प्रति दिन बढ्दै गइरहेको छ। गत वर्ष चार अक्टोबर राती आएको मुसलधारे वर्षाको कारण यो पुलको चुङथुङतर्फको भाग भत्किएको  थियो। त्यस समय पुल अनि क्षति ग्रस्त भएको घरहरूको निरिक्षण गर्न दार्जिलिङ जिल्ला अधिकारी, सांसद राजु विष्ट,केन्द्रिय मन्त्री किरण रिजिजु,विधायक निरज जिम्बा,जीटीएका प्रमुख कार्यपाल अनित थापा लगायत अन्य राजनैतिक दलका शीर्ष नेताहरु पनि उपस्थित भएको थिए। त्यसबेला अधिकारी अनि नेताहरुले तीन चार महिनाभित्र पुल निर्माण गरिने आश्वासन दिएका थिए। तर छ महिना बितिसक्दा पनि पुल

निर्माणको कार्य पुरा नभएपछि निर्माण कार्यमा ढिलाई भएको गुनासो बढ्दै गइरहेको छ ।यस सन्दर्भ थाना लाईन गाउँ निवासी तिलक ठकुरी अनि बसन्त गुरुङले निर्माण कार्यमा धेरै विलम्ब भइरहेको बताएका छन्। गाउँ घरका वासिन्दाहरू लगायत विद्यार्थीहरुलाई ठुलो असुविधा भईरहेको ठकुरी अनि गुरुङले बताए।

**सडक – उद्घाटन**

मिरिक थर्बु डुप्टिन समष्टि अन्तर्गत एमडी डाँडा सुन्नीमा चोकदेखि सुशील तामाङको घरसम्म पुग्ने लगभग दुई किलोमिटर लामो अलकत्रे सडकको उद्धघाटन आज समष्टि सभासद मिलेस राई अनि स्थानीय जेष्ठ नागरिकले गरे।यस अवसरमा समष्टि सभासद मिलेस राई ,डुप्टिन ग्राम पन्चायतका प्रधान शर्मिला राई,अवकाशप्राप्त कप्तान मिलन चोम्बाङ लगायत स्थानीय मानिसहरूको व्यापक उपस्थिति रहेको थियो।

**माङखिम निर्माण**

किराँत खम्बु राई साँस्कृतिक संस्थान मिरिक महकुमाद्वारा मिरिकको कृष्ण नगरमा रहेको माङखिम पुन:निर्माण कार्यका शिलान्यास गरिएको छ। किराँत खम्बु राई समुदायले पारम्परिक पूजा अर्चना गरेर निर्माणको भूमि पूजन गरिएपछि निर्माण कार्यको थालनी गरेको छ। माङ्खिम जीर्ण अवस्थामा पुगेको कारण मिरिक महकुमा समिति किराँत खम्बु राई साँस्कृतिक संस्थानद्वारा यसलाई पुन:निर्माण गरेर संरक्षण गरिने दिशातिर काम गरिरहेको संस्थानका सचिव कैलाश राईले जानकारी गराउनु भएको छ। उहाँले यस कार्यमा सबैले सहयोग गरिदिने पनि सबैलाई अपिल गर्नु भएको छ।

**********